# मनको ठिही

-यादव थपलिया

तुषारापात
अनवरत
अनवरत,
बढ्दो छ-
मनको ठिही ।

मनभरि हिउँ
मुटुभरि हिउँ
माटोभरि हिउँ
हिउँ नै हिउँबीच
ठिंग उभिएको छ-
जिङ्ग्रिंङ
जिउभरि काँडेदार तुष पालेर
अजीवको हिउँमान्छे ।
र, कक्रक्क कक्रिएको
अजंगको जिउ हल्लाउँदै
छाड्छ-
हिउँकै आवेग
हिउँकै आदेश
हिउँकै स्वैरशासन ।

आस्थामाथि हिउँ नै फालेर
आगो पनि हिउँले नै छोप्ने
स्वैरकल्पनामा
विश्वासको पहाडमाथि
बुट बजारेर
तिमीले राम्रो गरेनौ महाशय !

के तिमीले बिर्सिएकै हौ ?
मान्छेहरु घृणा गर्छन्-
हिउँको मन
हिउँको तन
हिउँको दमन
ओ, महाशय !
सर्लप्प तुष फालेर
सर्वांग हिउँ पगालेर
मान्छेकै मनभित्रको
हार्दिकता खोजेर
के तिमी
आफ्नै दिर्घायुको
कामना गर्न सक्दैनौ ?

-खरेलथोक-९, काभ्रे ।